नवजीवन सहकारी संस्था लिमिटेड धनगढीको विनियम २०५०

सहकारी ऐन २०४८ को दफा १२ र सहकारी नियमहरू २०४९ को दफा ११ ले दिएको अधिकार प्रयोग गरि नवजीवन सहकारी संस्था लिमिटेडको साधारण सभाले यो विनियम बनाएको छ ।

१. नाम र ठेगाना ः

१.१ मा यस संस्थाको नाम नेपालीमा नवजीवन सहकारी संस्था लिमिटेड र अंग्रेजीमा (Navajeevan CooperativeS Limited) छोटकारीमा "नवजीवन बै.का." रहनेछ ।

१.२ यस संस्थाको प्रधान कार्यालयको ठेगाना धनगढी कैलाली सेती अञ्चल नेपाल हुनेछ । दर्ता गर्दा तोकिएको ठेगानामा कुनै कारणबाट परिवर्तन भएमा सो को जानकारी ७ दिन भित्र सहकारी विभागका रजिष्ट्रारलाई दिइने छ ।

२. कार्यक्षेत्र ः

यस संस्थाको कार्यक्षेत्र नेपाल अधिराज्यभर हुनेछ । तर कैलाली जिल्लामा रहेको हालको बैकिङ्ग कार्यालय बाहेक अरू जिल्लामा बैकिङ्ग कार्यालय स्थापना गर्न चाहेमा प्रत्येक कार्यालयको लागि छुट्टाछुट्टै आवश्यक विवरण पेश गरि नेपाल राष्ट्र बैंक र सहकारी विभागबाट समेत पुर्व स्विकृति लिनु पर्नेछ" भन्ने गरि संसोधन गरिएको ।

दफा २(क) परिभाषा ः

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा :-

क) संस्था भन्नाले नवजीवन सहकारी संस्था लिमिटेड सम्झनुपर्छ ।

ख) सदस्य भन्नाले नवजीवन सहकारी संस्था लिमिटेडको शेयर खरिद गरि सदस्यता प्राप्त गरेको व्यक्ति वा संस्था संघ वा अन्य निकाय सम्झनु पर्छ ।

ग) समिति भन्नाले यस संस्थाको संचालक समितिलाई सम्झनु पर्छ ।

घ) तोकिएको वा तोकिएबमोजिम भन्नाले यस विनियम बमोजिम तोकिएको वा तोकिए बमोजिमको सम्झनुपर्दछ ।

ङ) व्यवस्थापक भन्नाले संस्थाको व्यवस्थापक सम्झनु पर्छ सो शब्दले महाप्रबन्धक समेतलाई जनाउँछ ।

दफा २ (ख) ः

२.ख.१. संस्था संगठित संस्था हुने यो संस्था अविछिन्न उत्तराधिकारवाला एक स्वसाशित संगठित संस्था हुनेछ ।

२.ख.२. संस्थाको बैक कामको निमित्त एउटा छुट्टै छाप हुनेछ ।

२.ख.३. संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न उपभोग गर्ने र कुनै प्रकारले बन्दोबस्त गर्न सक्नेछ ।

२.ख.४. संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

दफा २(ग) :

संस्थाको दायित्व खरिद गरेको शेयर रकम जति मात्र सिमित रहनेछ ।

दफा ३ उद्धेश्य :

संस्थाको निम्न उद्धेश्यहरू हुनेछन् ।

३.१ सदस्यहरूको खाँचो पूर्ति गर्नको लागि एकजुट भई काम गर्न प्रोत्साहित गर्ने ।

३.२ सदस्यहरूमा स्वाबलम्बनको ज्ञान, पारस्परिक सहयोग, मितव्ययिताको भावना सिर्जना गर्ने र बचत गर्ने बानीको अभिवृद्धि गर्ने ।

३.३ सदस्यहरूको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने ।

३.४ पूँजीको उचित प्रतिफल प्राप्त गर्न बैकिङ्ग कारोबार गरि सहकारीको माध्यमबाट समृद्धि बढाउने ।

३.५ देशको आर्थिक विकासमा सक्दो योगदान पुऱ्याउने ।

४. कार्य :

संस्थाको विनियम ३ बमोजिम उद्धेश्यहरू प्राप्त गर्नको निमित्त संस्थाले निम्न कार्यहरू गर्नेछ ।

४.१ औद्योगिक र अन्य व्यवसायिक विकास :

४.१ (क) आर्थिक रूपले लाभदायक, प्राविधिक रूपले चल्न सक्ने बजार क्षेत्रको राम्रो सम्भाव्यता रहेका उद्योग धन्दा, परियोजनाहरू संस्थाले आफै संचालन गर्ने या गर्न लगाउने ।

४.१.(ख) संस्थाको कार्यक्षेत्रभित्र सन्तोषजनक रूपले चलिरहेका उद्योग व्यवसायहरूको विकास र सम्बर्द्धनको लागि आर्थिक सहयोग स्वरूप ऋणको रूपमा चालु पूँजी को व्यवस्था गरिदिने ।

४.१.(ग) संस्थाको कार्यक्षेत्र भित्र सन्तोषजनक रूपले चलिरहेका व्यापार व्यवसायहरूको विकास र सम्बर्द्धनको लागि छोटो अवधिको ऋण उपलब्ध गराउने ।

४.२. बेचबिखन :

४.२.(क) औद्योगिक उत्पादन तथा कृषि उपज उचित मुल्यमा खरिद गरि बिक्रि गर्ने ।

४.२.(ख) औद्योगिक तथा कृषि उपज नै धितो लिई छोटो अवधिको ऋण दिने ।

४.२.(ग) तोकिएको समयमा ऋण चुक्ता भुक्तानी नभएमा धितो माल बिक्रि गरि दिएको ऋण उठाउने ।

४.३. प्रशोधन ः

४.३.(क) दुग्ध संकलन र प्रशोधन गरी संस्थाको कार्यक्षेत्रभित्र सुलभ तरिकाले दुग्ध, अन्य पदार्थको बिक्रि वितरण गर्ने ।

४.३.(ख) पहाडी जिल्लाबाट घिउ संकलन गरी त्यसलाई प्रशोधन गरि स्थानीय क्षेत्रमा आपूर्ति गर्ने र निर्यात समेत गर्ने ।

४.४ बचत परिचालन ः

४.४.(क) सदस्यहरूको समुह बनाई बचत निक्षेप संकलन गर्न लगाउने ।

४.४.(ख) सदस्यहरू वा गैरसदस्यबाट बचतको रूपमा निक्षेप स्वीकार गर्ने ।

४.४.(ग) धनराशी दोब्बर वा तेब्बर हुने मनि मल्टीपलायर स्कीमहरूमा निक्षेप लिने ।

४.४.(घ) संकलित निक्षेप (डिपोजिट्स) लाई उत्पादनशील कार्यमा लगानी गर्ने ।

४.४.(ङ) डिपोजिट कर्ताको आकर्षण एवं फाईदाको लागि संकलित निक्षेपमा उपयुक्त ब्याज दिने ।

४.५ उपभोक्ता भण्डारको न्यवस्था

४.५ (क) संस्थाको सदस्य वा गैरसदस्यको आवश्यकता अनुसार विभिन्न उपभोग्य वस्तुहरूको सरल र सुगम तरिकाले सस्तो मूल्यमा आपूर्ति गर्ने उद्धेश्यको लागि संस्थाले विभिन्न सहकारी उपभोक्ता भण्डारको न्यवस्था गर्न सक्नेछ

४.५ (ख) उपभोक्ता भण्डार सम्बन्धी साधारण सभा वा साधारण सभाले अधिकार दिएको सञ्चालक समितिले छुट्टै नियमहरू बनाउन सक्नेछ ।

४.६ बैकिङ कारोबार गर्न सक्ने ः

४.६.(क) आफ्नो सदस्य वा अन्य न्यक्तिहरूबाट बचत तथा निक्षेप स्विकार गर्ने र आफ्नो सदस्यहरूलाई ऋण दिने ।

४.६.(ख) नेपाल राष्ट्र बैंकको स्विकृति लिई बैकिङ्ग कारोबार गर्ने ।

४.६.(ग) १. बैकिङ्ग कारोबार गर्दा यस संस्थाले संकलन गर्ने निक्षेपको अवधि प्रकार आदिको कार्यविधि तथा कर्जा प्रदान गर्ने निति कर्जा सापट स्वीकृत गर्ने विधि कर्जा असुली सम्बन्धी निति सञ्चालक समितिले निर्धारण गर्ने र नियमित रूपले नेपाल राष्ट्र बैंकलाई जानकारी दिनुपर्ने ।

४.६.(ग) २. निक्षेपमा दिने र कर्जामा लिने ब्याजदर संचालक समितिले तोके बमोजिम हुने र सो तोकिएको

ब्याजदर नियमित रूपले नेपाल राष्ट्र बैंकलाई जानकारी दिनुपर्ने ।

४.६.(ग) ३. सदस्य व्यक्ति वा संस्था बाहेक अन्यलाई कर्जा दिन नपाउने ।

४.६.(ग) ४. संस्थाले आफ्नो चुक्तापूँजीको १० गुणाभन्दा बढी निक्षेप वा बचत संकलन गर्न नपाउने ।

४.६.(ग) ५. कुल निक्षेपको कम्तीमा १० प्रतिशत अनिवार्य रूपमा नेपाल राष्ट्र बैंक वा वाणिज्य बैंकमा मौज्दात राख्नुपर्ने वा नेपाल सरकारको ऋणपत्रमा लगानी गर्नुपर्ने । यसको गणना गर्ने विधि नेपाल राष्ट्र बैंकले तोकेबमोजिम हुने ।

४.६.(ग) ६. प्रदान गरिएको कर्जाको कम्तीमा ३ महिनामा एक पटक अनुगमन गर्नुपर्ने ।

४.६.(ग) ७. तोकिए बमोजिम मौज्दात नराख्नेमा वा लगानी नगरेमा नेपाल राष्ट्र बैंक ऐन २०१२ अनुसार हर्जाना लगाउने ।

४.६.(ग) ८. संस्थाले आफ्नो पूँजीकोषको कुनै सदस्यलाई १० प्रतिशतमात्र कर्जा प्रदान गर्न सक्नेछ ।

४.६.(ग) ९. नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम तथ्याङ्क सूचना र जानकारी तोकिएको अवधिभित्र उपलब्ध गराउनुपर्ने ।

४.६.(ग) १०. संस्थाको वासलात तथा नाफानोक्सानको लेखा नेपाल राष्ट्र बैंकबाट तोकेको ढाँचामा तयार गर्नुपर्ने संस्थाबाट प्रवाहित कर्जाको बर्गिकरण जगेडा राख्ने व्यवस्था तथा आम्दानी जनाईने तरिका नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम हुनेछ ।

४.६.(ग) ११. संस्थाको बैंकिङ्ग कारोबार सम्बन्धी लेखापरिक्षण नेपाल राष्ट्र बैंकबाट स्विकृत लेखापरिक्षकबाट सहकारी ऐन बमोजिम गराउनुपर्ने । लेखा परिक्षकले नेपाल राष्ट्र बैंकबाट दिएको गाइड लाइन अनुसार लेखापरिक्षण गर्नुपर्ने र लेखा परिक्षणको प्रतिवेदनको प्रति नेपाल राष्ट्र बैंकमा समेत पेश गर्नु पर्ने ।

४.६.(ग) १२. नेपाल राष्ट्र बैंकले जुनसुकै बखत पनि संस्थाको निरिक्षण गर्न सक्ने सो कार्यको लागि खटिइएका अधिकृत तथा कर्मचारीहरूलाई कुनै पनि हिसाबकिताब, सञ्चालक समितिको निर्णय हेर्ने र त्यसको उतार लिन वा संस्थाको सम्पति वा दायित्वको निरिक्षण गर्न दिनुपर्ने निरिक्षणको आधारमा दिइएको निर्देशनलाई संस्थाले पालना गर्नुपर्ने ।

४.६.(ग) १३. संस्थाको निर्वाचित पदाधिकारी र संस्थाले नियुक्त गरेको वरिष्ठ अधिकारीहरूको नामावली निर्वाचित हुने बितिकै वा नियुक्त हुने बितिकै नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउनु पर्ने ।

४.६.(ग) १४. संस्थाको कार्यक्षेत्र नेपाल अधिराज्यभर भएकोले स्विकृत कार्यक्षेत्रभित्र कारोबार गर्न पाउने तर कैलाली

जिल्लामा रहेको हालको बैकिङ्ग कार्यालय बाहेक अरू जिल्लामा बैकिङ्ग कार्यालय खोल्दा प्रत्येक कार्यालयको लागि छुट्टाछुट्टै आवश्यक विवरण पेश गरि नेपाल राष्ट्र बैंकबाट र सहकारी विभागबाट समेत स्विकृत लिनुपर्नेमा स्विकृत लिई कारोबार गर्नेछ तर कर्जा लगानीको हकमा खोलिएका शाखा हरूको कार्यक्षेत्र समितिले तोकी सो क्षेत्रभित्र मात्र कारोबार गर्नेछ ।

४.६.(ग) १५. बैकिङ्ग कारोबार सम्बन्धी शर्तहरू समय समयमा नेपाल राष्ट्र बैंकबाट थपघट हुन सक्ने ।

४.६.(ग) १६. नेपाल राष्ट्र बैंकबाट दफा ४.६(ग) १५ अनुसार थपघट गरिने शर्तहरू यस संस्थाको विनियमहरूमा ति शर्तहरू समाबेश हुन नसकेको कारणले मात्र लागु गर्ने गराउन बाधा पर्ने छैन । आउदो साधारण सभा बाट अनुमोदन गराउने गरि तत्काल लागु गर्न सकिनेछ ।

४.७ जनस्वास्थ्य सम्बन्धी सेवाहरू प्रदान गर्ने ः

४.७(क) संस्थाको कार्यक्षेत्रभित्र सहकारिताको आधारमा एउटा स्तरीय स्वास्थ्य उपचार केन्द्र सञ्चालन गर्न सकिनेछ ।

४.७(ख) सदस्य वा निजको एकघरको परिवारमा कुनै सिकिस्त बिरामी परेमा, दैवी प्रकोप, दुर्घटना वा अन्य यस्तै प्रकारको कुनै घटना घटी सदस्य वा निजको परिवारमा बिचल्ली परेको कुरा एकिन हुन आएमा एक सदस्यलाई आवश्यक घटनाको प्रकृति हेरी एकपटकमा बढीमा रू.१,००,०००।- सम्म सञ्चालक समितिले तोकेको ब्याजदरमा बढीमा १२ महिनासम्मको लागि धितो जमानत लिई ऋण सहायता दिइने छ।

४.७(ग) यस संस्थाका सञ्चालक समितिका सदस्यहरू बाहेक अन्य शेयरधनीहरूलाई आपत परेको समयमा दफा ४.७ (ख) अनुसारको सुविधा प्रदान गर्दा अचल सम्पति धितो दिएर मात्र आपतकालिन कर्जा दिइने छ । जमानतको आधारमा कर्जा दिइने छैन ।

४.७(घ) जनस्वास्थ्य सम्बन्धी सेवाहरू स्वास्थ्य, शिक्षा, परियोजना आदि परियोजना सम्बन्धी समितिले छुट्टाछुट्टै नियम बनाई कार्यान्वयन गर्न गराउन सक्नेछ ।

४.८ अन्य कार्य

४.८(क) सहकारिता बारे सदस्यहरूलाई चेतना जगाउने ।

४.८(ख) स्तरीय शिक्षा कार्यक्रम सञ्चालनका लागि ब्यवस्था मिलाउने ।

४.८(ग) सहकारी मार्फत जनसंख्या तथा परिवार कल्याण शिक्षा कार्यक्रम सञ्चालनको लागि ब्यवस्था मिलाउने ।

४.८(घ) संस्थाको कार्यक्षेत्रभित्र सामाजिक हित हुने कार्यहरू गर्ने ।

४.८(ङ) माथि उल्लेखित उद्धेश्यहरू पूर्ति गर्न अन्य कार्यहरू गर्ने जस्तै

१. विप्रेषण सेवा (Remittance) को कारोबार

२. बिमा अभिकर्ता भई कार्य गर्ने ।

३. विदेशी मुद्रा (भा.रू.) खरीद गर्ने ।(राष्ट्र बैंकबाट स्वीकृति लिई)

४. लघुवित्तको कारोबार गर्न सक्ने ।

५. समासोधन गृहको कारोबार गर्ने । (राष्ट्र बैंकबाट स्वीकृति लिई)

५. सदस्यता

देहायका व्यक्तिहरू र निकायहरू संस्थाका सदस्य हुनेछन ः

क) संस्था दर्ताको लागि रजिष्ट्रार समक्ष निवेदन दिने व्यक्तिहरू ।

ख) संस्था दर्ता भईसकेपछि सदस्यता प्राप्त गर्ने व्यक्तिहरू तथा निकायहरू ।

६. सदस्यताको लागि योग्यता ः

१. संस्थाको सदस्य हुन निम्न योग्यता पुगेको हुनुपर्छ ः

क) नेपाली नागरिक, (ख) १८ बर्ष उमेर पुगेको (ग) चाल, चलन राम्रो भएको, (घ) मगज नबिग्रेको, (ङ) दामाशाहीमा नपरेको (च) संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको । (छ) संस्थाको कम्तिमा १० कित्ता शेयर खरिद गरेको ।

२. संस्थाको सदस्यता लिनको लागि सञ्चालक समितिबाट निर्धारित गरेका, खरिद गर्ने शेयरको रकम र प्रवेश शुल्क संलग्न गरि सञ्चालक समिति समक्ष सहकारी नियम २०४९ को अनुसूची ३(२) को ढाँचा अनुसार निवेदन दिनुपर्छ । यस्तो निवेदन पर्न आएपछि सञ्चालक समितिले संस्थाको सदस्यता दिने नदिने निर्णय गर्नेछ । सो समितिले सदस्यता नदिने निर्णय गरेमा साधारण सभामा पुनरावेदन दिन सक्नेछ । यस सम्बन्धमा साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

३. राजिनामा दिई संस्थाको सदस्यता समाप्त भएको सदस्यले पुनः सदस्यता प्राप्त गर्न चाहेमा संस्थाको सदस्यता समाप्त भएको मितिले एकबर्ष पछि मात्र सदस्यताको लागि निवेदन दिन सक्नेछ ।

७. प्रवेश शुल्क :

संस्थाको सदस्यता लिनको लागि प्रवेश शुल्क रू. १००।- एक सय बुझाउनुपर्नेछ र यो रकम कुनै अवस्थामा पनि फिर्ता हुने छैन ।

८. सदस्यताको अन्त्य :

देहायको अवस्थामा संस्थाको सदस्यता अन्त्य हुनेछ ।

१. तोकिएको अवधि भित्र शेयरको पुरा रकम चुक्ता नगरेमा , २. मृत्यु भएमा , ३. मगज बिग्रिएको प्रमाणित भएमा , ४. राजिनामा स्वीकृत भएमा, ५. सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा फिर्ता लिएमा, ६. सदस्यताबाट निष्काशन भएमा, ७. संस्था विघटन भएमा वा खारेजीमा परेमा ।

९. सदस्यताबाट राजिनामा :

(१) विनियम ८(४) बमोजिम सदस्यले सदस्यता छाड्नका लागि लिखित राजिनामा चालु आर्थिक बर्षको ३ महिना अगावै सञ्चालक समितिले प्राप्त हुने गरि पेश गर्नुपर्दछ । यस्तो राजिनामा चालु आर्थिक बर्षको अन्तिम दिनको भोलीपल्ट देखि लागु हुने गरि स्विकृत गरिनेछ । तर सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण चुक्ता गर्न बाँकी रहेको खण्डमा सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजिनामा दिन पाउने छैन ।

२) संस्थाको कुल शेयर पुजीको १५ प्रतिशत भन्दा बढी मूल्यको शेयर खरिद गर्ने सदस्यले सदस्यता छाड्न चाहेमा राजिनामा दिने मितिले कम्तिमा १२ महिना अगावै लिखित सूचना दिनुपर्नेछ ।

१०. सदस्यको निष्काशन :

१) सञ्चालक समितिले विस्तृत छानबिन पछि कुनै सदस्यले निम्न कामकार्यबाही गरेको पाइएमा त्यस्तो सदस्यलाई सञ्चालक समितिको कुल सदस्य संख्याको दुई तिहाइ बहुमतले निष्काशन गर्न सक्नेछ ।

क)संस्थाको उद्धेश्य विपरित हुने गरि जानी जानी कुनै कार्य गरेमा ।

ख) विनियमको बारबार उल्लघंन गरेमा ।

२) (क) सदस्यलाई निष्काशन गर्नुअघि सञ्चालक समितिको सम्बन्धित सदस्यलाई आफुलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिने र आरोपको खण्डन गर्न आवश्यक कागजात आदि प्रस्तुत गर्ने कम्तिमा ३५ दिनको म्याद दिइनेछ । तर छानबिनको क्रममा समितीको कुल सदस्य संख्याको दुई तिहाइ बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरि संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरि बढीमा १ बर्ष सम्म बन्देज लगाउन सक्नेछ ।

ख) उपदफा (१) र (२) अनुसारको निर्णयउपर चित नबुझेका सदस्यले साधारण सभामा पुनरावेदन गर्न सक्नेछ र यस सम्बन्धमा साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ,।

११. कोषको ब्यवस्था ः

संस्थाको कोष निम्न श्रोतहरूबाट खडा गरिनेछ ः

(१) शेयर , (२) प्रवेश शुल्क (३क) सदस्यहरूबाट संकलित बचत (३ख) गैरसदस्यबाट संकलित बचत (४) वित्तिय निकायहरूबाट प्राप्त हुने ऋण (५) सदस्य र आयश्रोतबाट प्राप्त हुने ऋण (६) कारोबारबाट प्राप्त हुने बचत तथा ब्याज (७) दान दातब्य (८) अन्य निकायहरूबाट प्राप्त हुने सहयोग या अनुदान (९) निक्षेप दोब्बर वा तेब्बर हुने स्किममा स्विकार्य निक्षेप (१०) उपरोक्त बाहेक अन्य श्रोतबाट प्राप्त हुने रकम

१२. शेयर पूँजी ः

क) संस्थाको १ कित्ता शेयरको मूल्य रू. १००।- हुनेछ ।

ख) कुनैपनि सदस्यले चुक्ताशेयरपूजीको २० प्रतिशत भन्दा बढी शेयर खरिद गर्न पाउने छैन ।

ग) शेयर किस्ताबन्दीमा खरिद गर्न सकिनेछ । यस्तो शेयर १ बर्षभित्र किस्तामा चुक्ता गर्न सक्नेछ । यसरी तोकिएको अवधिमा चुक्ता नगरेमा खरिद भएको शेयर रकम जफत गरि सो रकम जगेडा कोषमा जम्मा गरिनेछ ।

घ) यस संस्थाको कुल शेयर पूँजी रू. ५०,००,००,०००।- रू. पचास करोड हुनेछ । र शेयर पूँजी चुक्ता नभएसम्म समितिले सार्वजनिकरूपले शेयर बिक्रिको लागि हार्दिक अपिल प्रकाशित गरि वा नगरि शेयर मार्केट मार्फत वा आफै शेयर बिक्रिको बन्दोबस्त मिलाई पूँजी उठाउन सक्नेछ।

ङ) शेयर खरिद गर्दा १०(दश) कित्ता शेयर भन्दा घटी खरिद गर्न पाउने छैन ।

च) आफुले कबुल गरेको शेयर कित्ता संख्याको हुन आउने सम्पूर्ण रकम एकमुष्ट बुझाउनुपर्नेछ ।

१३. शेयर प्रमाणपत्र ः

१३.१ तोकिएको शेयरको सम्पूर्ण किस्ता चुक्ता भएपछि संस्थाको छाप लागेको शेयर प्रमाणपत्र अनुसूची ४ बमोजिमको ढाँचामा दिईनेछ । यस्तो प्रमाणपत्र कुनै कारणबाट हराएमा , नासिएमा, च्यातिएमा रू.५०(पचास) लिई अर्को प्रमाणपत्र दिइनेछ ।

१३.२ लिन चाहेको शेयर कित्ताको सम्पूर्ण रकम एकमुष्ट बुझाउने व्यक्तिलाई तत्कालै शेयरको प्रमाणपत्र प्रदान गर्न सकिनेछ ।

१३.३ नयाँ शेयर प्रमाण पत्रको रू.१०।- र परिचय पत्रको पनि रू. १०।- लिईनेछ ।

१४. शेयर हस्तान्तरण वा फिर्ता ः

१४.१ कुनै सदस्यले आफ्नो पुरै वा आंशिक शेयर हस्तान्तरण गर्न चाहेमा संस्थाको सदस्य बन्न योग्यता पुगेको कुनै व्यक्तिलाई हस्तान्तरण गर्न सक्नेछ । तर हस्तान्तरण गर्न सञ्चालक समितिको लिखित पूर्व स्विकृति आवश्यक पर्नेछ ।

१४.२ कुनै सदस्यको राजिनामा स्विकृति भएमा वा यसै विनियममा व्यवस्था भएअनुसार निष्काशित भएमा निजले लगानी गरेको शेयर लेखापरिक्षण पछि नाफानोक्सान वापत पाउने दिनुपर्ने रकम समेत हरहिसाब गरि फिर्ता दिईने छ ।

१४.३ संस्थामा कुनै निकायले लगानी गरेको शेयर रकम संस्था सक्षम हुदै गएपछि क्रमिक रूपमा फिर्ता गर्दै जानेछ ।

१५. दायित्व ः

आफुले लिएको शेयरको रकम सम्म मात्र सदस्यहरूको दायित्व सिमित हुनेछ ।

१६. हकवाला मनोनित ः

१६.१ कुनैपनि सदस्यले आफ्नो शेषपछिको हकवाला मनोनित गर्न सक्नेछ । हकवाला मनोनित गर्दा कम्तिमा २ जना साक्षीका रोहबरमा लिखित रूपमा हकवाला मनोनित गरेको हुनुपर्नेछ ।

१६.२ उपनियम १ बमोजिम हकवाला मनोनित गर्ने सदस्यले एकभन्दा बढी शेयर खरिद नगरेको भए एउटा व्यक्तिलाई मात्र हकवाला मनोनित गर्नसक्नेछ ।

१६.३ कुनै सदस्यले उपनियम २ को अधिनमा रही १ भन्दा बढी व्यक्तिलाई हकवाला मनोनित गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयरको संख्या र मूल्य वा हकको दामाशाही खुलेको लिखित हुनुपर्नेछ ।

१६.४ शेयर खरिद गर्दा भरिदिएको शेयर दरखास्त फाराममा नै हकवालाको नाम किटान गरि दिइसकेका शेयर धनीहरूको हकमा सोही हकवाला कायम हुने अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. हकदाबी वा नामसारी ः

१) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने हकनियम १६ अनुसार हकवाला मनोनित गरेको भए सो हकवालालाई नामसारी गरिदिनुपर्नेछ । यदि हकवाला मनोनित नगरेको भए प्रचलित कानूनबमोजिमको हकवालाको नाममा नामसारी गरिदिनुपर्दछ । तर त्यस्तो हकवालासग संस्थाको विनियमले सदस्यको लागि तोकिदिएको योग्यता नपुग्ने भए निजले सदस्यको मृत्यु भएको ६ महिना भित्र सदस्यताको लागि योग्य अरूकुनै व्यक्तिको नाममा नामसारी गरिदिन सक्नेछ ।

२) उपदफा १ बमोजिम मृतक सदस्यको हकवालाले नामसारी गराउन नचाहेमा निजले पाउने रकम निजलाई फिर्ता दिनुपर्नेछ ।

३) उपदफा १ र २ मा जे सुकै लेखिएको भएता पनि हकवाला नाबालिग भएको खण्डमा संरक्षकलाई २ जना साक्षीको रोहबरमा फिर्ता दिनुपर्नेछ ।

१८. प्रारम्भिक साधारण सभा

१) संस्थाको प्रारम्भिक साधारण सभा संस्था दर्ता भएको महिनाभित्र १५ दिनको सूचना दिई बोलाइनेछ । यस्तो सभाको लागि गणपुरक संख्या ५० प्रतिशत भन्दा बढी हुनुपर्नेछ ।

२) उपदफा १ बमोजिम संस्थाको प्रारम्भिक साधारण सभा बोलाइएको छैन भनि कुनै सदस्यले रजिष्ट्रार समक्ष दरखास्त दिएमा रजिष्ट्रारले तोकिदिएको व्यक्तिले प्रारम्भिक साधारण सभा बोलाउन सक्नेछ । यसरी दरखास्त नपरेपनि म्याद गुज्रेको मिति ३५ दिनभित्र रजिष्ट्रारले तोकेको व्यक्तिले प्रारम्भिक साधारण सभा बोलाउनेछ ।

३) प्रारम्भिक साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले , निजको अनुपस्थितीमा उपाध्यक्ष र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरूबाट छानिएका सदस्यले गर्नेछ ।

४) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरू गर्नेछ ः

क) अघिल्लो दिनसम्म संस्थाले गरेको काम कारबाही र हरहिसाबको जानकारी लिई अनुमोदन गर्ने ।

ख) स्थायी सञ्चालक समितिको निर्वाचन गर्ने ।

ग) संस्थाको कार्यसंचालनको लागि कर्मचारी प्रशासन नियम तथा आर्थिक प्रशासन नियमहरूको तर्जुमा गरि अनुमोदन गर्ने र दर्ताको लागि रजिष्ट्रारछेउ पेश गर्ने ।

घ) आगामी कार्यक्रम तथा नितिहरू तयार गर्ने ।

१८. साधारण सभा ः

संस्थाको शेयर खरिद गर्ने सम्पूर्ण सदस्यहरूको एक साधारण सभा हुनेछ ।

१) प्रारम्भिक साधारण सभा भएको १ बर्ष भित्र र त्यसपछि प्रत्येक आर्थिक बर्ष समाप्त भएको ६ महिनाभित्र र आवश्यकता अनुसार समय समयमा साधारण सभा बोलाइनेछ ।

२) उपदफा १ अनुसार बार्षिक साधारण सभा बोलाइएको छैन भनि कम्तिमा ५ जना सदस्यले रजिष्ट्रार समक्ष दरखास्त दिएमा रजिष्ट्रारले तोकिदिएको ब्यक्तिले साधारण सभा बोलाउन सक्नेछ । यस्तो दरखास्त नपरेपनि उपदफा १ मा लेखिएको म्याद गुज्रेको मितिले ३ महिनाभित्र रजिष्ट्रारले अह्राएको ब्यक्तिले साधारण सभा बोलाउन सक्नेछ ।

३) उपदफा १ र २ बमोजिम बार्षिक साधारण सभा बोलाउदा सभा हुने स्थान, समय र मिति खुलेको ३० दिन को म्याद दिई सूचना दिनुपर्नेछ ।

४) बार्षिक साधारण सभाको गणपुरक संख्या सम्पूर्ण सदस्य संख्याको एक चौथाइको उपस्थिति मानिनेछ ।

५) पहिलो पटक बार्षिक साधारण सभा बोलाउदा गणपुरक संख्या नपुगी बैठक स्थगित भएछ भने दोश्रो पटकको लागि ७ दिनको सूचना म्याद दिई बैठक बोलाउनुपर्नेछ । यो बैठकमा सम्पूर्ण सदस्यको १० प्रतिशत उपस्थितिलाई गणपुरक संख्या पुगेको मानिनेछ ।

६) बार्षिक साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले , निजको अनुपस्थितीमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा साधारण सभामा उपस्थित सदस्यहरूबाट छानिएको ब्यक्तिले गर्नेछ ।

७) बार्षिक साधारण सभामा पेश भएका प्रस्तावहरू सभामा उपस्थित सदस्यहरूले एक ब्यक्ति एकमतको आधार मा दिएको मतको सहमतबाट पारित हुनेछ । मत बराबर हुन आएमा अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत मात्र दिन सक्नेछ ।

२०. बिशेष साधारण सभा ः

१) संस्थाको बिशेष साधारण सभा देहायका अवस्थामा १५ दिनको सूचना दिई बोलाउन सकिनेछ ः

क) संस्थाको हिसाब जाँचको सिलसिलामा लेखापरिक्षकले पर्याप्त कारणहरू देखाई सञ्चालक समिति समक्ष सुझाव पेश गरेमा वा

ख) लेखा समितिका तथा बिशेष उद्धेश्यले गठन गरिएका उपसमितिले यथेष्ट कारणहरू समेत खोली समितिलाई सुझाव पेश गरेमा वा

ग) कुनै सञ्चालकले उचित कारण खोली समितिमा बिशेष साधारण सभा बोलाउने माग गरेको प्रस्ताव सञ्चालक समितिद्वारा पारित भएमा वा

घ) संस्थाको कुल सदस्यको ५ प्रतिशत वा १० जना जो बढी हुन्छ त्यसले संस्थामा पर्याप्त कारण देखाई संचालक समिति समक्ष निवेदन दिएमा ।

२) बिशेष साधारण सभाको लागि गणपूरक कुल सदस्यको १५ प्रतिशत हुनेछ । यसरी सञ्चालन हुने सभाले विनियम अन्तर्गत साधारण सभाले गर्ने कार्य गर्न सक्नेछ ।

३) बिशेष साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले , अध्यक्षको अनुपस्थितीमा उपाध्यक्षले र निज पनि अनुपस्थित भएमा उपस्थित सदस्यहरूमध्येबाट छानिएका सदस्यले गर्नेछ । तर निजलाई यस्तो सभाको निर्णायक मत मात्र दिने अधिकार हुनेछ ।

२१. साधारण सभाका काम, कर्तब्य तथा अधिकार ः

१) बार्षिक साधारण सभाका कार्यहरू देहाय बमोजिम हुनेछन ः

क) सञ्चालकहरू निर्वाचित गर्ने , निष्काशन गर्ने ।

ख) लेखा समितिको संयोजक लगायत सदस्यहरूको निर्वाचन गर्नु र सो समितिको प्रतिवेदन उपर छलफल गरि निर्देशन दिने ।

ग) सञ्चालक समितिले पेश गरेका बार्षिक कार्यक्रमउपर छलफल गरि स्विकृति गर्ने र प्रगति प्रतिवेदन, बार्षिक लेखापरिक्षण प्रतिवेदन, स्थिति विवरणपत्र र बार्षिक विवरणपत्रहरूमा समिक्षा गर्ने र अनुमोदन गर्ने ।

घ) विनियम बमोजिम बचत वितरण गर्ने ।

ङ) संस्थाले लिन दिन सक्ने अधिकतम ऋण धरौटीको सिमा तोक्ने ।

च) ऐन तथा नियमहरूको अधिनमा रही विनियमलाई संसोधन गर्ने ।

छ) बार्षिक हिसाब जाँच गराउन लेखा परिक्षक नियुक्त गरि स्विकृतिको लागि रजिष्ट्रारछेउ पेश गर्ने , लेखापरिक्षकको पारिश्रमिक तथा सुविधा निर्धारण गर्ने ।

ज) साधारण सभाको अध्यक्षले पेश गर्ने अन्य कुनै प्रस्ताव उपर विचार गर्ने ।

झ) आर्थिक प्रशासन नियम र कर्मचारी प्रशासन नियम आवश्यकता अनुसार संसोधन गरि दर्ताको लागि रजिष्ट्रार छेउ पेश गर्ने ।

ञ) रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्थामा गरेको निरिक्षण र सोधपुछ प्रतिवेदनमा छलफल गर्ने ।

ट) जिल्ला सहकारी संघको सदस्यता प्राप्त गर्ने वा नगर्ने निर्णय गर्ने ।

ठ) जिल्ला सहकारी संघमा पठाइने प्रतिनिधिको निर्वाचन गर्ने ।

ड) सञ्चालक समितिलाई मार्गदर्शन दिने ।

२) साधारण सभाका निर्णायकहरूको अभिलेख अध्यक्षताबाट प्रमाणित गराई सुरक्षित राख्नुपर्छ ।

३) संस्था विघटन, एकिकरण वा विभाजन गर्नुपर्ने भएमा सहकारी नियमहरू २०४८ को नियम २५ बमोजिम गरिनेछ ।

२२. सञ्चालक समितिको गठन ः

१) खारेज गरिएको छ ।

२) खारेज गरिएको छ ।

३) साधारण सभाले अध्यक्ष १ जना, उपाध्यक्ष १ जना र ११ जना सदस्य गरि जम्मा १३ जनाको सञ्चालक समिति गठन गर्नेछ। सञ्चालक समितिको पदावधि ३ बर्षको हुनेछ, अध्यक्ष र उपाध्यक्षको पदमा २ पटक निर्वाचित भई सकेको ब्यक्ति तेश्रो पटक उम्मेद्वार हुन पाउने छैन । तर सञ्चालक समितिका सदस्यको हकमा यो बन्देज लागु हुने छैन । अध्यक्ष, उपाध्यक्ष पदको उम्मेद्वार हुने ब्यक्ति एक कार्यकाल सञ्चालक समितिको सदस्य पदमा निर्वाचित भई कार्य गरेको हुनुपर्नेछ ।

४) कुनै कारणले सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि निर्वाचनद्वारा पूर्ति गरिनेछ ।

५) नयाँ सञ्चालक समिति गठन नहुन्जेलसम्म सम्म पुरानो सञ्चालक समितिले कार्य गर्नेछ ।

६) सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूलाई हटाउनुपरेमा दफा २० अनुसार बिशेष साधारण सभा बोलाई साधारण सभामा उपस्थित सदस्यको २/३ बहुमतको निर्णयबाट हटाउन सकिनेछ । यसरी हटाउनुपूर्व सफाईको मनासिब मौका दिईनेछ । अध्यक्ष, उपाध्यक्ष र सदस्यले स्वेच्छाले सञ्चालक समिति समक्ष राजिनामा दिएको खण्डमा सञ्चालक समितिले राजिनामा स्वीकृत गर्न सक्नेछ ।

७) खारेज गरिएको छ ।

२३. सञ्चालक पदमा नियुक्ति हुन नसक्ने अवस्था ः

देहायका अवस्थामा कुनैपनि सदस्य सञ्चालक पदमा निर्वाचन हुन सक्ने छैन ः

१) २१ बर्ष उमेर नपुगेको ।

२) मगज ठिक नभएको ।

३) चालचलन राम्रो नभएको ।

४) संस्थाको तिर्न बाँकी ऋण समयमा नतिरी भाखा नघाएको ।

५) संस्थाको बाँकी बक्यौता राख्ने ।

६) संस्थाको ठेक्कापट्टा वा कारोबारमा कुनै प्रकारको निजी स्वार्थ भएको ।

७) संस्थाको सम्पति हिनामिना गर्ने ।

८) तोकिएको पुरै शेयर चुक्ता नगरेमा ।

९) संस्थाको कारोबार जस्तै निजि कारोबार भएको ।

१०) संस्थाको कर्मचारी ।

११) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भई सजाय पाएको व्यक्ति ।

१२) कालोसूचीमा परेको व्यक्ति ।

२४. सञ्चालकको पदमा बहाल रहन नसक्ने अवस्था।

देहायको अवस्थामा कुनै व्यक्ति सञ्चालकको पदमा रहन सक्ने छैन ।

१) विनियम २३ मा लेखिएबमोजिम सञ्चालकको पदमा निर्वाचित वा नियुक्त हुन नसक्ने अवस्था भएमा ।

२) उचित कारण खोली सञ्चालक समितिलाई लिखित रूपमा सूचना नदिई लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा ।

३) साधारण सभाको बहुमतले मुनासिब कारण देखाई हटाउने निर्णय गरेमा ।

४) पदबाट दिएको राजिनामा स्विकृत भएमा ।

५) जानीजानी संस्थाको हित तथा ख्यातीमा प्रतिकुल प्रभाव पर्ने कुनै काम गरेको प्रमाणित हुन आएमा ।

६) जानी जानी संस्थालाई हानी पुग्ने गरि आफ्नो व्यक्तिगत फाइदा हुने काम गरेको प्रमाणित भएमा ।

२५. सञ्चालक समितिको काम, कर्तब्य र अधिकार ः

देहायबमोजिम सञ्चालक समितिको काम, कर्तब्य र अधिकार हुनेछन ः

१) ऐन नियमहरू र विनियममा लेखिएका कुराहरू र साधारणसभाद्वारा समय ,समयमा गरिएमा निर्णयहरूका अधिनमा रही संस्थाको सम्पूर्ण काम कारोबारको प्रबन्ध अधिकारहरूको प्रयोग र कर्तब्यको पालन गर्ने ।

२) संस्थाको दैनिक कार्य सञ्चालन गर्न ब्यवस्थापकको नियुक्ति गर्ने ।

३) संस्थाका कर्मचारीहरूको नियुक्ति , सेवा शर्त , सरूवा, बढुवा , निलम्बन , बर्खास्त तथा सेवा सुविधा र सजाय सम्बन्धी कर्मचारी प्रशासन नियम र आर्थिक कारोबार सञ्चालनको लागि आर्थिक प्रशासन नियम बनाई समितिले लागु गर्न सक्नेछ ।

४) विनियममा भएको ब्यवस्था बमोजिम अध्यक्ष समेत कुनै सञ्चालक वा साधारण सभाको सदस्यले राजिनामा दिएमा सो स्विकृत गर्ने ।

५) संस्थाको बार्षिक कार्यक्रम तथा आम्दानी खर्चको विवरण तयार गरि स्विकृतिका लागि साधारण सभामा पेश गर्ने ।

६) स्विकृत कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने ।

७) बार्षिक लेखापरिक्षण गराई सो को प्रतिवेदन साधारण सभामा पेश गर्ने ।

८) उपदफा ३ को स्विकृत कर्मचारी प्रशासन नियमको अधिनमा रही कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा खोसुवा,निलम्बन, दण्ड सजाय, पुरूस्कारको ब्यवस्था गर्ने ।

९) संस्थाको कोषको सूरक्षा तथा आर्थिक कारोबारमाथि नियन्त्रण गर्ने तथा सो को ब्यवस्था मिलाउने ।

१०) विनियममा ब्यवस्था भएबमोजिमको प्रक्रिया अपनाई साधारण सभा बोलाउने ।

११) साधारण सभाबाट भएका निर्णयहरूको कार्यान्वयन गर्ने ।

१२) संस्थाको चल अचल सम्पति खरिद, बिक्रि गर्ने वा प्राप्त गर्ने , हस्तान्तरण गर्ने ।

१३) संस्थाको कार्यहरू सुचारू रूपले सञ्चालन गर्ने आवश्यकता अनुसार उपसमितिहरू गठन गर्ने तथा संयोजक सहित बढीमा ११ जनासम्मको सल्लाहकार समिति गठन गर्ने ।

१४) संस्थाको दैनिक कार्य सञ्चालन गर्न र अन्य बिशेष काम गर्न नियुक्त ब्यवस्थापक तथा उपदफा १३ बमोजिम गठन हुने उपसमिति वा समितिको कुनै पदाधिकारीहरूलाई अधिकार प्रत्यायोजन गर्ने ।

२६. सञ्चालक समितिको बैठक ः

सञ्चालक समितिको बैठकको प्रक्रिया देहाय बमोजिम हुनेछ ः

१) सञ्चालक समितिको बैठक कम्तिमा १ बर्षमा ६ पटक बस्नेछ । तर २ बैठक बिचको अवधि ३ महिनाभन्दा बढी हुनेछैन ।

२) सञ्चालक समितिको बैठकमा सञ्चालकहरूको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सञ्चालक उपस्थित भएमा बैठक सञ्चालनको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

३) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत मात्र दिनुपर्नेछ ।

४) सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू छलफल भएको बिषय र तत्सम्बन्धमा भएको निर्णय को विवरण छुट्टै किताब(माइन्युट बुक) मा लेखी अध्यक्षद्धारा प्रमाणित गराई सुरक्षापूर्वक राखिनेछ ।

५) सञ्चालक समितिको बैठकको अध्यक्षता अध्यक्षले, अध्यक्षको अनुपस्थितीमा उपाध्यक्ष र निजको पनि अनुपस्थितीमा सञ्चालकहरूमध्येबाट छानिएको सञ्चालकले गर्नेछ ।

२७. अध्यक्षको काम, कर्तब्य र अधिकार

अध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ः

१) अध्यक्षले समितिको बैठक तथा बार्षिक साधारण सभाको बैठकमा अध्यक्षता गर्ने ।

२) साधारण सभाद्धारा स्विकृत बार्षिक कार्यक्रम तथा निर्णय र सञ्चालक समितिका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने ।

३) विनियमको अधिनमा रही कर्मचारी उपर रेखदेख र सुपरिवेक्षण गर्ने ।

४) संस्थाको उद्धेश्य प्राप्तिका लागि गर्नुपर्ने कार्यहरू गर्ने सम्बन्धमा विनियमको अधिनमा रही जरूरी बिषयहरू मा समितिको तर्फबाट तत्काल निर्णय दिन सक्नेछ तर यसरी दिएको निर्णय समितिको त्यसपछि लगत्तै बस्ने बैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

२८. उपसमितिको गठन र कार्यविधि ः

उपसमितिको गठन र कार्यविधि देहायबमोजिम हुनेछ ः

१) संस्थाको कार्यसञ्चालनलाई सरल र प्रभावकारी तुल्याउन समितिले संयोजक समेत बढीमा ३ जना सम्म

सदस्यहरू भएको उपसमितिहरू आवश्यकताअनुसार समय समयमा गठन गर्न सक्नेछ । त्यस्ता उपसमितिहरूका संयोजक लगायत सदस्यहरू मनोनित गर्दा सञ्चालक समितिको सदस्य, बिषय बिशेषज्ञ ब्यवहारिक ज्ञान भएका साधारण सदस्यहरू आदिबाट लिन सक्नेछ ।

२) सञ्चालक समितिले उपसमितिहरू गठन गर्दा उपसमितिले गर्नुपर्ने काम, सो कामको लागि चाहिने समय र सुविधा स्पष्ट किटान गर्नुपर्नेछ ।

३) खास कामको लागि गठित उपसमितिहरूले निर्धारित समयमा काम सम्पन्न गरि प्रतिवेदन समितिछेउ पेश गर्नुपर्नेछ ।

२९. लेखा समितिको गठन ः

लेखा समितिमा १ जना संयोजक लगायत ३ जना सदस्यहरू रहनेछन् । यसको पदावधि समितिको पदावधि सरह हुनेछ ।

३०. लेखा समितिको काम, कर्तब्य र अधिकार ः

लेखा समितिको काम, कर्तब्य देहाय बमोजिम हुनेछ ः

१) संस्थाको लेखा सम्बन्धी हिसाब किताबको जाँच सोही संस्थाको आन्तरिक लेखापरिक्षण शाखाबाट गराउने । तर आन्तरिक लेखापरिक्षण शाखा नभएमा भएका कर्मचारी अथवा सदस्यबाट गर्ने गराउने ।

२) आन्तरिक लेखा परिक्षणबाट उल्लेख भएका त्रुटी तथा समस्याहरू र सुझावबारे अध्ययन गरि सो को सुधार गर्ने समितिमार्फत कारबाही चलाउने छ ।

३) साधारण सभामा लेखासम्बन्धी बार्षिक प्रतिवेदन पेश गर्ने र सो प्रतिवेदनमा खातामा लेखासम्बन्धी अभिलेख, आर्थिक अनुशासन, हिनामिना पेश्की आदि बारे उल्लेख गर्ने ।

४) बिशेष साधारण सभा बोलाउनुपर्ने ठोस कारण समेत खोली सञ्चालक समिति समक्ष सुझाव पेश गर्ने ।

५) लेखा समितिको लागि आन्तरिक लेखा परिक्षणको काम गर्दा दिन सकिने गरि केही पारिश्रमिक समितिले तोक्न सक्नेछ ।

३१. व्यवस्थापकको नियुक्ति , काम, कर्तब्य र अधिकार

१) संस्थाको दैनिक प्रशासन कार्य सञ्चालन गर्ने सञ्चालक समितिले एकजना व्यवस्थापक नियुक्ती गर्नेछ । व्यवस्थापकको नियुक्ती गर्ने अधिकार र सेवा शर्तहरू स्वीकृत नियममा उल्लेख भएअनुसार हुनेछ ।

२) अध्यक्षको सामान्य नियन्त्रणमा रही व्यवस्थापकले संस्थाको कार्यक्रम तथा व्यवसाय सञ्चालन गर्ने ।

३) साधारण सभा, सञ्चालक समिति वा उपसमितिको सचिव भई कार्य गर्ने , अध्यक्षको स्विकृति लिई बैठक बोलाउने ।

४) संस्थाको उद्धेश्य प्राप्तिका लागि आवश्यक बार्षिक कार्यक्रम तथा बजेट तयार गरि सञ्चालक समितिमा पेश गर्ने, स्विकृत निति वा कार्यक्रमहरू तथा सञ्चालक समिति वा साधारण सभाबाट भएका अन्य निर्णयहरूको कार्यान्वियन गर्ने ।

५) संस्थाको तर्फबाट नगद कागजात वा सेक्युरिटीहरू प्राप्त गर्ने तथा तिनको उचित सुरक्षाको प्रबन्ध मिलाउने

६) संस्थाको हरहिसाबको लेखा ठिक र सही तरिकाले राख्ने , राख्न लगाउने र आर्थिक विवरणहरू प्रमाणित गर्ने ।

७) संस्थाको विरूद्ध अदालत वा अन्य निकायमा परेको उजुरी, नालिस वा हकदाबीको सम्बन्धमा संस्थाको तर्फ बाट कानूनी प्रतिरक्षा गर्ने वा मिलापत्र गर्ने तथा संस्थाको तर्फबाट कसैको विरूद्ध यस्तो हकदाबीको सम्बन्धमा उजुर गर्ने, मिलापत्र गर्ने वा परित्याग गर्ने ।

८) स्वीकृत कार्यक्रम कार्यान्वियन गर्ने र बजेटको परिधिभित्र रही खर्च गर्ने ।

९) संस्थाको आर्थिक कारोबार तथा बैंक खाता सञ्चालन गर्ने तथा आर्थिक कारोबार सम्बन्धी आवश्यक पर्ने बिल भर्पाइ कागजातहरू प्रमाणित गर्ने ।

१०) सञ्चालक समितिको निर्णयअनुसार र समितिले तोकिदिएको कुराहरूमा संस्थाको तर्फबाट सम्झौतापत्र तथा कागजातहरूमा सही गर्ने ।

११) संस्थाको कर्मचारीहरूको कार्यविभाजन, अधिकार कर्तब्यको निर्धारण गर्ने तथा कर्मचारीहरूको नियन्त्रण गर्ने तथा स्वीकृत कर्मचारी प्रशासन नियम तथा दिग्दर्शनको अधिनमा रही नियुक्ती, सरूवा,बढुवा, सजाय, निलम्बन, पुरूस्कार आदि सम्बन्धी निर्णयहरू गर्ने । त्यस्तो निर्णयको लागि सिफारिस गर्ने ।

१२) बढीमा ६ महिनाको लागि स्विकृत दरबन्दीमा अस्थायी नियुक्ति गर्ने ।

१३) आफुमा निहीत अधिकार आफुमातहतका कर्मचारीहरूमा प्रत्यायोजित गर्ने ।

१४) विनियममा भएको व्यवस्था तथा साधारण सभा र सञ्चालक समितिका निर्णयहरूको परिधिभित्र रही

संस्थाको उद्धेश्य प्राप्तिका लागि आवश्यक कार्यक्रम तथा व्यवसाय सुचारू रूपले सञ्चालन गर्न आवश्यक हुन आउने अन्य कार्यहरू गर्ने ।

३२. मुनाफा वितरण ः

१) प्रत्येक बर्ष संस्थाको हिसाब जाँच भएपछि आर्जित खुद मुनाफाबाट कम्तिमा २५ प्रतिशत जगेडाकोषमा राख्निनेछ ।

२) यसरी जगेडा कोषमा छुट्टयाई बाँकी रहेको रकमलाई शतप्रतिशत मानी निम्नानुसारका कोषहरूमा रकम बाँडफाँड गरिनेछ ः

क) शेयर लाभांश कोष

ख) संरक्षित पूँजी कोष

ग) सहकारी शिक्षा कोष

घ) सहकारी विकास कोष

ङ) घाटापूर्ति कोष

च) कर्मचारी बोनस कोष

छ) कर्मचारी औषधीउपचारकोष

ज) कर्मचारी उपदान कोष

झ) शेयर सदस्य हितकोष

ञ) शेयर समायोजन कोष

ट) जग्गा खरिद तथा भवन निर्माण कोष

उपरोक्त ३२(२) अनुसार खडा गरिने कोषहरूमा जम्मा हुने रकमको हद समय समयमा संस्थाको सञ्चालक समितिले तोकिदिएबमोजिम हुनेछ । तर सदस्यहरूलाई वितरण गरिने शेयर लाभांश चुक्ता शेयरपूँजीको १५ प्रतिशत भन्दा बढी वितरण गर्न पाईने छैन ।

३) उपदफा (२) बमोजिम विभिन्न कोषमा छुट्टाइएको रकम वितरण गरि बाँकी रहेको रकम कसरी खर्च गर्ने भन्ने कुरा साधारण सभाबाट निर्णय भएबमोजिम हुनेछ ।

३३. कोषको सुरक्षा ः

संस्थाको कोष ब्यवस्थापकको जिम्मा रहनेछ । कोषको रकम मध्ये सञ्चालक समितिको निर्णयबाट स्विकृत भएको हदसम्म संस्थाको नगदको रूपमा राखी सोभन्दा बढी रकम सञ्चालक समितिले तोकेको बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गर्नुपर्नेछ । संस्थाको खाताको सञ्चालन समितिले तोकिदिएको कुनै सञ्चालक वा कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

३४. कोषको उपयोग ः

कोषको उपयोग निम्नानुसार गर्न सकिनेछ ः

१) विनियममा उल्लेख भएबमोजिम संस्थाको स्विकृत योजना अनुसार कार्यक्रम वा ब्यवसाय सञ्चालन गर्ने ।

२) स्विकृत योजना अनुसारको कार्य गर्नको लागि आवश्यक स्थिर सम्पति खरिद गर्ने ।

३) कुनै संघसंस्था वा बैंकको शेयर खरिद गर्ने ।

४) भरपर्दो उद्योगी (ब्यवसायी), ब्यापारीलाई यथेष्ट चल अचल सम्पति धितो दिई छोटो तथा मध्यम अवधिको ऋण दिने र नियमबमोजिम असुल गर्ने ।

५) ऋण पत्र खरिद गर्ने ।

६) कुनै बैंकको बचत तथा मुद्धती खातामा रकम जम्मा गर्ने ।

३५. संस्थाले राख्नुपर्ने बही खाता र किताबहरू ः

१) संस्थाको काम कारबाही सञ्चालन गर्दा देहाय बमोजिमका बही खाता र किताबहरू राखिनेछन ः

क) सहकारी नियमावली २०४९ को अनुसूची ७ बमोजिमको सदस्यदर्ता किताब

ख) प्रारम्भिक साधारण सभा, साधारण सभा , बिशेष साधारण सभा, सञ्चालक समिति , लेखा समिति उपसमितिको छुट्टाछुट्टै कारबाही किताब ।

ग) नगद खाता

घ) संस्थाले अरूकुनै ब्यक्ति वा संस्था वा संघसँग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब

ङ) शेयर दर्ता किताब

च) जिन्सी किताब

छ) ऋण लेनदेन गरेको किताब, कर्जा खाता

ज) बेरूजु समपरिक्षण खाता

झ) व्यक्तिगत खाता

ञ) बचत खाता

ट) समय समयमा रजिष्ट्रारले तोकिदिएको अन्य खाताहरू ।

२) संस्थाका बही खाताहरू साधारण सभामा जुनसुकै सदस्यले हेर्न चाहेमा उपलब्ध गराईनेछ । तर बचतखाता र निक्षेप डबल हुने खाताहरू सम्बन्धित सदस्यले मात्र हेर्न पाउनेछ ।

३६. बार्षिक हिसाब जाँच ः

देहाय बमोजिम प्रक्रिया पुऱ्याई लेखापरिक्षक नियुक्ति गर्नुपर्ने र हिसाब जाँच गराउनुपर्ने ः

१) संस्थाको प्रत्येक बर्षको हिसाब जाँच सो आर्थिक बर्ष समाप्त भएको ३ महिनाभित्र साधारण सभाले रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीबाट दर्तावाला लेखापरिक्षक नियुक्तिको स्विकृति लिई जाँच गराईने ।

२) लेखापरिक्षक नियुक्ति गर्दा एउटै ब्यक्ति वा कम्पनीलाई लगातार ३ पटकभन्दा बढी नियुक्ति गरिने छैन ।

३) लेखापरिक्षकबाट हिसाब जाँच गराई सकेपछि सहकारी नियमावली २०४९ को दफा २९(२) बमोजिम सम्पूर्ण कुराहरू खोली नियमको अनुसूची ९ अनुसारको ढाँचामा एकप्रति प्रतिवेदन प्राप्त गराइनेछ ।

४) स्विकृत हिसाब जाँचको अनुमोदनको लागि साधारण सभामा पेश गरिनेछ । साधारण सभाले अनुमोदन नगरेमा अर्को लेखापरिक्षक नियुक्ती गरि जाँच बुझी वा पुनः हिसाब जाँच गराइनेछ ।

३७. निर्वाचन ः

१) विनियममा उल्लेख भएका निर्वाचन गराउनुपर्ने कुनै पदको निर्वाचन गराउँदा निर्धारित निर्वाचन निर्देशिका बमोजिम हुनेछ ।

२) सञ्चालक समितिको कार्यावधि समाप्त हुनासाथै नयाँ सञ्चालक समितिको निर्वाचन गरिनेछ ।

३) उपदफा २ बमोजिम समयभित्र सञ्चालक समितिको निर्वाचन नगराएमा कुनैपनि सदस्यले सो कामको रजिष्ट्रारलाई जानकारी गराउन सक्नेछ ।

४) उपदफा ३ बमोजिमको जानकारी प्राप्त भएमा वा नभएमा पनि समितिको कार्यावधि समाप्त भएको मितिले ६ महिनाभित्र रजिष्ट्रारले समितिको निर्वाचन गराउनेछ ।

३८. मध्यस्थता ः

१) संस्थाको लेनदेन कारोबारको सम्बन्धमा देहायबमोजिमका पक्षहरूका बिच कुनै विवाद उठेमा सो को निर्णयका लागि मध्यस्थता गर्ने रजिष्ट्रारलाई सुम्पन्न सक्नेछ ।

क) संस्था र सहकारी संघ वा बिषयगत संघ वा केन्द्रिय सहकारी संघ वा राष्ट्रिय सहकारी संघबिच

ख) संस्था र आफ्ना कर्मचारीहरूका बिच

ग) संस्था र सञ्चालक समिति वा सञ्चालक

घ) सञ्चालक समिति र सदस्यहरूबिच

२) उपदफा १ बमोजिम रजिष्ट्रारलाई संस्था, सञ्चालक समिति,सञ्चालक, सदस्य, सम्बन्धित कर्मचारीले विवाद सुम्पन सक्नेछ ।

३) क) उपदफा १ बमोजिम रजिष्ट्रारलाई सुम्पिएको विवाद निर्णय गर्न दुईपक्ष मध्ये प्रत्येक पक्षले १/१ जना र रजिष्ट्रारले १ जना गरि जम्मा ३ जना मध्यस्थकर्ता मनोनित गर्नुपर्नेछ ।

ख) रजिष्ट्रारद्धारा मनोनित मध्यस्थकर्ताले अध्यक्षता गर्नेछ । मध्यस्थकर्ताहरूको विवाद सम्बन्धी निर्णय बहुमतबाट हुनेछ ।

४) रजिष्ट्रारद्धारा मनोनित मध्यस्थकर्तालाई प्रत्येक पक्षका मध्यस्थकर्तालाई धर्म बकाउने लिखित कागजातपत्र बहीखाता आदि जुनसुकै प्रमाणको कागज र साक्षी झिकाउने, खर्च भराउने प्रमाण बुझ्ने आदि गर्ने अधिकार हुनेछ ।

५) मध्यस्थकर्ताको निर्णय वा फैसला प्रत्येक पक्षलाई दिई सो को एकप्रति सम्बन्धित मिसिल कागजातको साथै रजिष्ट्रारछेउ पठाउनुपर्नेछ ।

३९. विनियम संसोधन ः

क) बिनियममा लेखिएका कुनै कुरामा संसोधन गर्नुपर्ने भएमा साधारण सभाको कुल सदस्यहरूमध्ये ५१ प्रतिशत उपस्थित भई, उपस्थित सदस्यहरूको कम्तिमा दुई तिहाई बहुमतबाट विनियम संसोधनको प्रस्ताबलाई साधारण सभाले पारित गरि संसोधन गर्न सक्नेछ ।

ख) साधारण सभाबाट संसोधनको प्रस्ताव पारित भएपछि विनियम रजिष्ट्रारसमक्ष स्विकृतिको लागि पठाइनेछ । संसोधन विनियमलाई सहकारी ऐन २०४९ को दफा १२(५) बमोजिम स्विकृत भएपछि मात्र विनियम संसोधन भएको मानिनेछ ।

४०. विघटन ः

१) संस्थाको कुल सदस्यको दुई तिहाइ बहुमतबाट संस्था विघटन गर्ने निर्णय गर्नसक्नेछ ।

२) सहकारी ऐन २०४९ को ४१ र उपदफा (१) बमोजिम निर्णय सहितको निवेदन प्राप्त भएपछि रजिष्ट्रार वा निजबाट अधिकारप्राप्त व्यक्तिले संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

४१. विविध ः

यस विनियममा माथिको व्यवस्थाका अतिरिक्त निम्न व्यवस्था पनि गरिएको छ ।

१) विनियममा व्यवस्था नभएका कुराहरूको सम्बन्धमा ऐन र नियमअनुसार हुनेछ ।

२) कुनै सञ्चालक वा साधारण सभाको प्रतिनिधिको निर्वाचनमा नियुक्तिका सम्बन्धमा ऐन नियम र विनियम अन्तर्गतको कुनै व्यवस्था पालन भएको छैन भन्ने कुरा पछि ठहरिन गएमा त्यसरी ठहरिनु भन्दा अगावै त्यस्तो संचालक समिति, उपसमिति वा साधारण सभाले गरेको काम कार्यबाही सो कुराले मात्र बदर हुने छैन ।

३) संस्थाको चिन्हको रूपमा एउटा छाप रहनेछ । त्यो छाप समितिले तोकेको कर्मचारीको जिम्मामा रहनेछ ।

४) यो नवजीवन सहकारी संस्था लिमिटेड अविछिन्न अधिकारवाल र एउटा व्यक्ति सरह रहनेछ । दफा ३ अनुसार छाप हुनेछ ।

४२. यस संस्थाको निम्नानुसार विवरण भएको लोगो हुनेछ ः

१) सहकारिता झल्काउन भित्री घेराभित्र २ हात मिलाएको चिन्ह हुनेछ ।

२) हात मिलाएको चिन्हको माथिपट्टी नवजीवन र तलतिर गोलाकारमा स्थापित २०५० रहनेछ ।

३) नगदी र बैंकिङ्ग कारोबार झल्काउन सिक्काको डिजाइनभित्र माथिल्लो भागमा गोलाकारमा सहकारी संस्था लिमिटेड र तलतिर गोलाकारमा नै धनगढी र दुवै परिधिका बिचमा २ वटा स्वस्तिक चिन्ह रहनेछ ।

४) बाहिरी घेराभित्र अंग्रेजीमा (Navajeevan CooperativeS Limited) तलतिर Dhangadhi, Kailali रहनेछ । यसमा CooperativeS को S ले Society जनाउनेछ गोलो घेराको बिचमा २ ओटा स्टार चिन्ह दिएको हुनेछ ।

४३. अनुसूचीहरू ः

१) अनुसूची १ मा संस्था दर्ताको प्रमाणपत्रको नमुना ।

२) अनुसूची २ मा शेयर दरखास्त फारामको नमुना ।

३) अनुसूची ३ मा शेयर नामसारी फारामको नमूना ।

४) अनुसूची ४ मा शेयर प्रमाणपत्रको नमूना ।

५) अनुसूची ५ मा शेयरधनी परिचयपत्रको नमुना ।

६) अनुसूची ६ मा लोगोको नमुना ।